महाभारत गाउँपालिका
ཨ་ཧྰ་བྷཱ་ར་ཏ་གྲོང་པ་ལི་ཀ།
गाउँ कार्यपालिकाको कार्यालय
देविटार, काभ्रेपलाञ्चोक
स्था:-२०७३
बागमती प्रदेश, नेपाल

प. सं.:- २०८२/०८३ च. नं.:- १४२२

मिति: २०८३।०१।२८

विषयः करारमा शिक्षक छनौट प्रयोजनका लागि विशेषज्ञ सूचिकृत हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा रिक्त रहेका र रिक्त हुने स्वीकृत दरबन्दी तथा राहत अनुदानकोटामा नियमानुसार करार सेवामा शिक्षक छनौटका लागि विषय विज्ञको रुपमा कार्य सम्पादन गर्न इच्छुक तपशिलको योग्यता पुगेका काभ्रेपलाञ्चोक जिल्लाभित्र अध्यापनरत स्थायी शिक्षकहरुले देहाय बमोजिमका कागजातहरु सहित तोकिएको ढाँचामा लक्ष्मि सनराइज बैंक लिमिटेड, महाभारतमा रहेको महाभारत गाउँपालिका, काभ्रेको खाता नं. ०१३०५३६२१४७०३००५ मा माध्यमिक तहको हकमा रू ७०० (सात सय मात्र) र आधारभूत तहको हकमा रू ५०० (पाँच सय मात्र) नगद जम्मा गरी सोको सक्कल भौचर सहित मिति २०८३।०२।०३ गतेसम्म यस गाउँकार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. माध्यमिक तह तृतीय श्रेणीको शिक्षक छनौटका लागि कम्तिमा स्नातकोत्तर (जुनसुकै शङ्कायमा) गरी शिक्षा शास्त्रमा स्नातक (एक वर्षे बीएड वा माध्यमिक तहको शिक्षकको १० महिने सेवाकालिन तालिम समेत) र आधारभूत तहको हकमा कम्तिमा स्नातक गरी शिक्षा शास्त्र शङ्कायमा स्नातक वा माध्यमिक तहको शिक्षकको दश महिने सेवाकालिन तालिम वा एक वर्षे बीएड उत्तीर्ण भएको हुनुपर्ने ।

२. विशेषज्ञ हुन चाहेको तहमा कम्तिमा २ वर्षको शिक्षण अनुभव (स्थायी र अस्थायीसमेत गरी) भई कम्तिमा १ वर्षको स्थायी सेवा अवधि पूरा भएको हुनुपर्ने ।

३. जुन तहको विषय विज्ञ हुन चाहेको हो सोही तह स्पष्ट उल्लेख गरी आवेदन दिनु पर्ने साथै माध्यमिक तह र आधारभूत तह (कक्षा ६-८) को शिक्षक छनौटका लागि विशेषज्ञ हुन चाहनेले आफूले अध्ययन र अध्यापन गरेको विषय स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने ।

आवश्यक कागजातहरुः

- शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि
- स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
- स्थायी नियुक्ति पत्र (अस्थायी भएमा सो समेत) को प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- महाभारत गाउँपालिका बाहेक काभ्रेपलाञ्चोक जिल्लाका अन्य स्थानीय तहका विद्यालयहरुमा कार्यरत शिक्षकले विशेषज्ञको सूचिमा सूचिकृत हुन चाहेमा सम्बन्धित विद्यालय र स्थानीय तहको सिफारिस पत्रको सक्कल प्रति
- सूचिकृत हुन चाहेको तह/विषयको एक प्रति प्रश्न पत्र अति गोप्य तरिकाबाट शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमका आधारमा तयार गरी खामबन्दीसमेत गरेर पेश गर्नु पर्ने ।
- यसैसाथ संलग्न फाराममा तोकिएको ढाँचामा व्यक्तिगत विवरण, सम्पर्क मोवाइल नम्बर र इमेल ठेगानासमेत अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

(जन्मराज शर्मा)
शिक्षा प्रमुख

द्रष्टव्यः माथि उल्लिखित योग्यता र शिक्षण अनुभव हासिल गरी स्थायी शिक्षक पदबाट सेवा निवृत भई निवृत्तिभरण पाइरहेका महाभारत गाउँपालिका भित्र स्थायी बसोबास गर्ने इच्छुक निवृत शिक्षकलाई समेत यसबमोजिम निवेदन पेश गर्न अनुरोध छ ।

**बोधार्थः**

श्री सूचना प्रविधि शाखाः सूचना अपलोड गरिदिनुहुन ।

मितिः ..........................

श्री शिक्षा शाखा प्रमुख ज्यू,
शिक्षा, युवा तथा खेलकुद शाखा,
महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक ।

विषयः विज्ञसूचीमा सूचीकृत हुन पाऊँ ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको देहायबमोजिमका विषयमा विज्ञका रूपमा सूचीकृत हुन तपसिलको विवरणसहित आवश्यक कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु ।

तपसिल

नाम, थरः ..........................................................

स्थायी ठेगानाः जिल्ला ...................... नपा/गा पा ............................... वडा नं ............

टोलः........................ सम्पर्क नः ...................................... इमेलः ...............................................

कार्यरत विद्यालयको नामः ................................................ ठेगानाः ..................................

(क) विषय विज्ञका रूपमा सूचीकृत हुन चाहेका बढीमा २ (दुई) विषय प्राथमिकता क्रममा राख्नुहुन ।

| क्र स | विज्ञका रूपमा सूचीकृत हुन चाहेको विषय | विज्ञका रूपमा रहन चाहेको तह | विषयसँग सम्बन्धित कार्य अनुभवको क्षेत्र | कार्य अनुभव वर्ष |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ख) शैक्षिक योग्यता (विषय विज्ञका लागि तोकिएको न्यूनतम र सोभन्दा माथिल्लो योग्यता भए सोसमेत)

| उपाधि | अध्ययन गरेका विषयहरू | उत्तीर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ग) तालिम

| तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

(घ) विषयसँग सम्बन्धित कुनै पुस्तक सन्दर्भ सामग्री लेख रचना लेखन अनुसन्धान आदि कार्य गरेको भए

| क्रस | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

उल्लिखित विवरण ठीक साँचो हो । झूठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षर .....................

CS Scanned with CamScanner